# नेपाल सरकारद्वारा गठित वार्ता टोली र नेपाल चिकित्सक संघ बीच भएको सहमती

नेपाल सरकारद्वारा गठित वार्ता टोलीका संयोजक प्रधान मन्त्री तथा मन्त्रिपरिषद कार्यालयका सचिव श्री कृष्णहरी बास्कोटा, सदस्यहरु, सचिव गृह, शिक्षा र स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र नेपाल चिकित्सक संघका अध्यक्ष डा. अन्जनी कुमार झा तथा सो संघका पदाधिकारीहरु बीच सो संघले मिति २०७०/१०/०३ गते नेपाल सरकार समक्ष पेश गरेको ७ बुँदे मागहरुका विषयमा छलफल भई देहाय बमोजिम गर्ने सहमती भयो ।

१. बुंदा नं १ को सम्बन्धमा त्रि.वि.वि. रजिष्ट्रार कार्यालयको २०७०।१०।०३ को विज्ञप्ती आईसकेकै छ । साथै नेपालको जनशक्ति आवश्यकता, भौगोलिक अवस्थिती र सन्तुलित विकासलाई समेत विचार गरी चिकित्सा शिक्षा (Medical Education) को राष्ट्रिय नीति बनाएर मात्र आगामी दिनमा थप कलेजहरु सम्बन्धन दिने व्यवस्था मिलाउने ।

२. बुंदा नं. २ को मागका सम्वन्धमा निम्न अनुसारको कार्यदल गठन गर्ने :

## चिकित्सा विज्ञान सम्वन्धी विश्वविद्यालयको सम्भाव्यता अध्ययन कार्यदल

नेपालमा चिकित्सा विज्ञान सम्वन्धी छुट्टै विश्वविद्यालय स्थापना र विकासका लागि सम्भाव्यता अध्ययन गर्न सुझाव सहितको प्रतिवेदन पेश गर्न नेपाल सरकारले देहायका कार्यक्षेत्रगत शर्तहरु भएको देहाय बमोजिमको कार्यदल गठन गरेको छ :

### १. कार्यदलको गठन विधि:

| | | |
|---|---|---|
| १. | प्रा.डा. रमेशकान्त अधिकारी, पूर्व डिन, चिकित्सा शास्त्र अध्ययन संस्थान, त्रि.वि.वि. | - संयोजक |
| २. | डा. पूर्णचन्द्र कर्माचार्य, पूर्व उपकुलपति, बी.पी. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान | - सदस्य |
| ३. | प्रा.डा. अर्जुन कार्की, पूर्व उपकुलपति, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान | - सदस्य |
| ४. | प्रा. चिरिकर शोभा ताम्राकार, प्रतिनिधि, विश्वविद्यालय अनुदान आयोग | - सदस्य |
| ५. | प्रा.डा. जगदिश अग्रवाल, चिकित्साशास्त्र अध्ययन संस्थान, त्रि.वि.वि. | - सदस्य |
| ६. | डा. वावुराम मरासिनी, सह सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | - सदस्य |
| ७. | सह सचिव, कानून, न्याय, संविधान सभा तथा संसदीय मामिला मन्त्रालय | - सदस्य |
| ८. | डा. अन्जनी कुमार झा, अध्यक्ष, नेपाल चिकित्सक संघ | - सदस्य |
| ९. | श्री महाश्रम शर्मा, सह सचिव, शिक्षा मन्त्रालय | - सदस्य सचिव |

२. कार्यक्षेत्रगत शर्तहरु

क) चिकित्सा विज्ञान सम्वन्धी छुट्टै विश्वविद्यालयको स्थापना र विकास गर्न आवश्यकता र औचित्य सहित सम्भाव्यता अध्ययन गर्ने,

ख) खण्ड (क) बमोजिम अध्ययन गर्दा त्यस्तो विश्वविद्यालयको स्थापना र विकास गर्न सम्भाव्य देखिएमा त्यसको प्रारुप तयार गरी पेश गर्ने,

ग) चिकित्सा विज्ञान सम्वन्धी छुट्टै विश्वविद्यालयको स्थापना र विकास गर्न सम्भाव्य देखिएमा मौजुदा अध्ययन संस्थान र अस्पतालमध्ये कुन-कुनलाई त्यस्तो विद्यालय अन्तर्गत समावेश गर्न उपयुक्त हुन्छ, सो को यकिन गर्ने,

घ) चिकित्सा विज्ञान सम्वन्धी छुट्टै विश्वविद्यालयको स्थापना र विकास गर्न आवश्यक पर्ने भौतिक, आर्थिक तथा मानवीय स्रोत, साधन र प्रशासनिक संरचना समेतको प्रक्षेपण तथा विश्लेषण गरी पेश गर्ने,

ङ) चिकित्सा विज्ञान सम्वन्धी छुट्टै विश्वविद्यालयको स्थापना र विकास गर्न सम्भाव्य भएमा प्रस्तावित विश्वविद्यालयको प्राज्ञिक तथा संरचनागत स्वायत्तता सुनिश्चित गर्न गरिनु पर्ने नीतिगत, कानूनी र संस्थागत व्यवस्था सम्बन्धी सुझाव सहितको प्रतिवेदन तयार गर्ने ।

च) विभिन्न मेडिकल कलेजमा लिईने शिक्षण शुल्कमा एकरुपता भएको नपाईएकोले शिक्षण शुल्कमा एकरुपता कायम गर्ने विषयमा अध्ययन गरि सिफरिस गर्ने ।

छ) शिक्षा मन्त्रालयद्वारा एम.बि.बि.एस. मा प्रदान गरिएको छात्रवृत्ति सरह पोष्टग्राजुएट अध्ययनमा पनि छात्रवृत्ति अध्ययन गर्न उपयुक्त प्रतिशत सिफारिस गर्ने विषयमा सुझाव दिने ।

(ज) कार्यदलले ३ महिनाभित्र आफ्नो अध्ययन प्रतिवेदन दिने ।

३ बुँदा नं. ३ को विषयको दीर्घकालिन समाधान खोज्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तदारुकताका साथ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोग, शिक्षा मन्त्रालय, अर्थ मन्त्रालय र नेपाल मेडिकल काउन्सिल समेतको सहभागितामा अध्ययन गर्ने व्यवस्थालाई तदारुकताका साथ अगाडि बढाउने ।

४. बुँदा नं. ४ को ५% स्वास्थ्य सेवा कर हटाउने विषयमा सो करलाई बढी बैज्ञानिक, सरलीकरण र सहज बनाउन र करदातालाई पनि सहज र सम्मानित रुपमा सेवा पुर्‍याउन मातहत कार्यालयलाई निर्देशन दिन अर्थ मन्त्रालयलाई अनुरोध गर्ने ।

५. बुँदा नं. ६ को विषयमा स्वास्थ्य क्षेत्रको कार्यक्रम तर्जुमा गर्दा विनियोजन बृद्धि गर्न र स्रोत जुटाउने विषयमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले नेतृत्वदायी भुमिका लिने र बजेटको स्रोत १० प्रतिशत पुऱ्याउन राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयलाई अनुरोध गर्ने ।

६. बुँदा नं. ७ को विषयमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र अन्तर्गत चिकित्सक र स्वास्थ्यकर्मीहरुको दरबन्दी जनसंख्या र भौगोलिक पहुंच समेतको आधारमा उपयुक्त अनुपातमा बृद्धि गर्ने विषयमा मानव संशाधन रणनीतिक कार्ययोजना (२०११-२०१५) ले पहिचान गरेको १४२१० दरबन्दीको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने निर्णय भै काम शुरु भएको, चिकित्सकको ३३० दरबन्दी थपको लागि अर्थ मन्त्रालयमा अनुरोध गरी सकिएको छ । यस अघि पनि सोही विषयमा नेपाल चिकित्सक संघसंग भएको सहमती अनुरुप चिकित्सकको दरवन्दी यथाशीघ्र सृजना गर्न र थप दरबन्दी सिर्जना गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले अर्थ मन्त्रालयसंग उच्चस्तरमा समन्वय गरी कार्यान्वयन गर्ने ।

७. नेपाल चिकित्सक संघले घोषणा गरेको सम्पूर्ण आन्दोलनका कार्यक्रमहरु आजैका मिति देखि फिर्ता गर्ने सहमती गरियो ।

८. वार्ता सफल गर्न पुऱ्याउन योगदान गर्ने सम्बन्धित सबैलाई धन्यबाद ज्ञापन गरियो ।

<u>नेपाल सरकारद्वारा गठित वार्ता टोलीको तर्फबाट</u>

सचिव, श्री कृष्णहरि बास्कोटा, प्र.म.तथा म.प्र.का.- संयोजक

सचिव, श्री जनार्दन नेपाल, गृह मन्त्रालय- सदस्य,

सचिव, डा. प्रवीण मिश्र, स्वा.त.ज.म. - सदस्य

सचिव, श्री नारायणगोपाल मलेगो, शिक्षा मन्त्रालय- सदस्य

<u>नेपाल चिकित्सक संघको तर्फबाट</u>

डा. अन्जनी कुमार झा, अध्यक्ष

<u>कार्यकारणी सदस्यहरु :</u>